जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २६६ २०८२ साल जेठ १४ गते बुधबार (28 May 2025 Wednesday) मूल्य रु. ५/-

Log in : rajbirajdainik.com.np

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : आयोजना बैङ्कमा निरन्तर ... ३ पृष्ठमा : 'जलवायु चेतना प्रभावकारी ... ३ पृष्ठमा : चीनको अन्तरिक्ष यात्रा ...

## वर्षौपछी घर अगाडी नालासहित पक्की सडक बन्ने भएपछी कारागार टोलका बासिन्दा खुशी



**दैनिक समाचारदाता**
**राजविराज, १३ जेठ ।**

राजविराज वडा नं. ६ स्थित कारागार टोलका वासिन्दाहरुमा अहिले खुशियालीको माहोल बनेको छ। वर्षौको प्रतिक्षापछी घर अगाडी नाला सहित पक्की सडक बन्ने भएपछी उनीहरु खुशी भएका छन्।

मंगलवार जनमत पार्टीको मधेश प्रदेश संसदीय दलका नेता समेत रहेका प्रदेश साँसद महेश प्रसाद यादवले राजविराज कारागार पछाडी रहेको उक्त टोलमा नालासहित आरसीसी ढलान सडकको शिलान्यास गरे संगै सयौं परिवारको वर्षौ देखीको समस्या समाधान हुने भएको छ।

उनकै पहलमा भौतिक पुर्वाधार विकास मन्त्रालय मधेश प्रदेशबाट ३५ लाख रुपैया बजेट उपलब्ध भएपछी मंगलवार देखी नै निर्माण कार्य समेत शूरु भएको छ। सडक, नाला निर्माण स्थल उनको निर्वाचन क्षेत्रमा समेत पर्दछ।

शिलान्यास समारोहमा सञ्चारकर्मीहरु सँग कुरा गर्दै साँसद यादवले प्राप्त बजेटबाट पहिलो चरणमा उक्त वस्तीको अरबिन्द राउतको घरदेखी प्रभा मण्डल र महेन्द्र राउतको घर देखी अरविन्द राउतको घर सम्म नाला र सडक निर्माण कार्य सम्पन्न गरिने जानकारी दिए। उक्त वस्तीमा अधिकाँश दलित समुदायको वसोवास रहेको छ।

मंगलबारै संसदीय दलका नेता यादव र अर्का प्रदेश सांसद शम्भु साहले जिल्लाको राजगढ गाउँपालिका ५ धोनकी टोलस्थित कसहा नदी नियन्त्रण कार्यालयको संयुक्त रुपमा शिलान्यास समेत गरेका छन्।

## युनियनको स्थापना दिवसमा मैनवत्ति प्रज्वलन



**दैनिक समाचारदाता**
**राजविराज, १३ जेठ ।**

नेपाल प्रेस युनियनको ३४ औं स्थापना दिवसको अवसरमा मंगलबार शाखा सप्तरीले मैनवत्ति प्रज्वलन गरेको छ।

शाखाका उपाध्यक्ष एवं नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य ललिता साहको नेतृत्वमा उक्त मैनवत्ति प्रज्वलन गरिएको हो।

स्थानीय गजेन्द्र चौकमा गरिएको मैनवत्ति प्रज्वलन कार्यक्रममा प्रेस युनियनका केन्द्रिय सदस्य मिथिलेश कुमार यादव, युनियनका पूर्व अध्यक्ष एवं पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमार देव, पत्रकार महासंघ सप्तरीका पूर्व अध्यक्षद्वय मुरली प्रसाद यादव, व्याशसंकर उपाध्याय, मधेश प्रदेशका सचिव मनोज कुमार माझी, नेपाली काँग्रेस सप्तरीका सचिव सनत कुमार मण्डल, प्रदेश पार्षद नरेश कुमार चौधरी, शाखाका उपाध्यक्ष नवीनकुमार गुप्ता, सचिव रामानन्द देव, आमेन्द्र यादव, युनियनका कोषाध्यक्ष रामनारायण यादव, नेवि संघका उपाध्यक्ष नितिशकुमार यादव, लगायतको सहभागिता रहेको थियो।

## नक्कली मान्छे र कागजात खडा गरि अर्केको नाममा जग्गा नामसारी गराइएको भन्दै छानबिनको माग




**दैनिक समाचारदाता**
**राजविराज, १३ जेठ ।**

मोही दर्ता रहेको जग्गा किर्ते गरि अर्कैको नाममा नामसारी गरिएको भन्दै एक पीडितले सो सम्बन्धमा छानविनको माग गरेका छन्।

मंगलबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ भारदहका बालकृष्ण खड्गाले यस्तो माग गरेका हुन्।

उनले आफ्नो तीन पुस्तादेखी २००४ सालमै मोही दर्ता गरि भोगचलन गर्दै आएको आफ्नो १२ कठ्ठा १८ धुर जग्गा नक्कली मान्छे र किर्ते कागजातको भरमा झा परिवारको नाममा नामसारी गरिएको बताए।

गाउँघरमा कतै कुनै सुनुवाई नभएपछी न्यायका लागि सदरमुकाम राजविराज आइपुगेका उनले तत्कालिन भारदह गाविसका प्राविधिक एवंम सचिव महेन्द्र मुखिया र स्थानीय लालमोहन झा, अरबिन्द झा, बिनिता झा लगायतको मिलोमतोमा किर्ते मान्छे र कागजात खडा गरि आफ्नो जग्गा अर्कैको नाममा नामसारी गरिएको दाबी गरे।

उनले यस कार्यमा तत्कालिन भारद गाविसका सचिव मुखियाले मुख्य भूमिका निर्वाह गरेको दाबी समेत गरे। उनले तत्कालिन गाविसको कर्मचारी नै नरहेका मटर साह हलुवाईलाई गाविसको कार्यालय सहयोगिको रुपमा प्रस्तुत गरि किर्ते कागजातहरु तयार गरेर भुमिसुधार

*बाँकी अन्तिम पृष्ठमा*

**घरभाडा चाहिएमा**

राजविराज नगरपालिकाको मुख्य बजार क्षेत्र मेनरोडमा पसल, संघ-संस्था, बैंक, बित्तिय संस्था, विमा कम्पनी लगायत प्रयोजनका लागि सटर तथा कोठाहरु भाडामा चाहिएमा समपर्क गर्नुहोस्।
राजविराज ४
९८४२८२१०८२, ९८१९७२५०८२

**सडक दुर्घटनाबाट बचौं र बचाऔं**

- जेब्रा क्रसिङबाट मात्र सडक पार गरौं,
- सडक पेटीबाट हिडौं,
- रातीको समयमा यात्रा गर्दा प्रकाश परावर्तन हुने कपडा लगाऔं,
- चलिरहेको सवारी साधनबाट ओर्लिने वा चढ्ने कार्य नगरौं-नगराऔं,
- सवारी साधनमा भएका सिट बेल्ट प्रयोग गरौं,
- भीडभाड भएका सवारी साधनमा यात्रा नगरौं-नगराऔं,
- सडकमा जथाभावी नहिडौं-नहिडाऔं,
- पशु चौपायाहरुलाई सडकमा नछाडौं,
- अशक्त, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा वृद्धवृद्धालाई सडक पार गर्न मद्दत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# आयोजना बैङ्कमा निरन्तर छेडखानी : कानुन लत्याएर बजेटमा मनोमानी

**हेमन्त जोशी**
काठमाडौँ, १३ जेठ (रासस) ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम २६ (५)मा उल्लेख छ 'राष्ट्रिय आयोजना बैङ्कमा समावेश नभएको आयोजनाका लागि बजेट विनियोजन गर्न पाइँदैन' । तर, नियमावली आएको पाँच वर्ष पूरा हुँदा पनि आयोजना बैङ्क (प्रोजेक्ट बैङ्क) प्रभावकारी बन्न सकेको छैन । कानुन मिचेर प्रोजेक्ट बैङ्कमा हुने छेडखानी र बजेटमा अनुकूलता खोज्ने परिपाटी भने हरेक वर्ष दोहोरिइरहेको मात्र छैन नियति नै बनेको छ । निगरानी तथा नियमनकारी निकायहरूले पटक-पटक प्रश्न उठाएको मात्र नभई सुधारका लागि सुझाव दिँदा पनि कार्यान्वयनको गुञ्जायस छैन ।

शक्ति र पहुँचका आधारमा योजना बाँड्ने, पूर्वतयारी नै नभएका आयोजनामा बजेट पार्ने, जथाभावी स्रोत सुनिश्चितता दिनेजस्ता कार्य रोक्न प्रोजेक्ट बैङ्क महत्त्वपूर्ण अस्त्र हुने ठानिएको थियो । तर यही उपकरण नै बजेट अनुशासन मिच्ने औजार बन्न थालेको छ । एकातर्फ बैङ्कमा नराखिएका योजनालाई वार्षिक बजेटमा राख्ने प्रवृत्ति तोड्न सकिएको छैन भने सँगसँगै कानुन र मापदण्ड विपरीत जथाभावी परियोजना प्रविष्ट गर्नेदेखि पूर्वाग्रही नियतले हटाउनेसम्मका काम अघिल्ला आर्थिक वर्षजस्तै यस वर्ष पनि दोहोरिएको छ ।

**बजेटसँग छैन तालमेल**

प्रोजेक्ट बैङ्कका आयोजना मात्रै बजेटमा राख्ने आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको व्यवस्था यसपटक पनि पूर्णरूपमा कार्यान्वयन हुनसक्ने अवस्था देखिँदैन । यद्यपि, नियमावली कार्यान्वयन हुनेमा आशावादी रहेको अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगका अधिकारीहरू बताउँछन् । "अहिले पनि योजना प्रविष्टिको काम भइरहेको छ । यसमा हामी के-कति सफल हुन्छौँ भनेर बजेट आइसकेपछि थाहा हुन्छ," अर्थमन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारीले राससँग कुरा गर्दै भन्नुभयो, "हिजो र आज पनि हामी हामी प्रोजेक्ट बैङ्कमै लागिरहेका छौँ । विषयगत मन्त्रालयहरू र योजना आयोगबीच पनि समन्वय भइरहेको छ । नियमावलीको व्यवस्था कार्यान्वयन हुन्छ भन्नेमै छौँ ।"

**मापदण्ड विपरीत योजना दर्ता**

चैत मसान्तपछि प्रोजेक्ट बैङ्कमा योजना प्रविष्ट गर्नु सरकार आफैँले बनाएको मापदण्डको बर्खिलाप हो । तर बजेट सार्वजनिक हुने दुई दिन अघिसम्म पनि विभिन्न मन्त्रालयहरूले प्रोजेक्ट बैङ्कमा योजना हालिरहेका छन् । राष्ट्रिय आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को बुँदा नम्बर ४ (५) मा 'आयोजना बैङ्कमा अघिल्लो आर्थिक वर्षको फागुन मसान्तभित्र आयोजना प्रविष्टि गरिसक्नुपर्ने' व्यवस्था छ । आगामी आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुने नयाँ आयोजनाको हकमा भने चैत मसान्तभित्र आयोजना प्रविष्टि गरिसक्नुपर्ने व्यवस्था गरिएको थियो ।

अर्थ मन्त्रालयका प्रवक्ता श्यामप्रसाद भण्डारी र योजना आयोगका सहसचिव अर्जुन भण्डारी अहिले पनि योजना प्रविष्टि चलिरहेको स्वीकार्नुहुन्छ । "यसवर्ष मापदण्ड फागुनमा जारी भयो । चैत मसान्तसम्म सबै आयोजना प्रविष्ट गरिसक्ने अवस्था थिएन । त्यसकारण हामीले अहिले पनि योजना हालिरहेका छौँ । यसको समयावधि बढाउने विषयमा योजना आयोगले केही निर्णय गर्नसक्छ," योजना आयोगका सहसचिव अर्जुन भण्डारीले राससँग भन्नुभयो । यस वर्ष आयोगले प्रोजेक्ट बैङ्कमा योजना प्रविष्ट गर्ने समय जेठ १३ गतेसम्मका लागि तोकेको जनाएको छ ।

**राजनीतिक दबाब र कर्मचारीको असहयोग**

विनियोजन कुशलता र आर्थिक अनुशासन पालनाका लागि प्रोजेक्ट बैङ्कको अपरिहार्यता देखेरै कानुनमा बाध्यकारी बनाइएको थियो । तर राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र यसमा गम्भीर हुन सकेन । योजना आयोगका पूर्वउपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ राजनीतिक दबाबका कारण वार्षिक बजेटमा जथाभावी योजना हाल्ने प्रवृत्ति र कर्मचारी संयन्त्रको असहयोगका कारण प्रोजेक्ट बैङ्क सफल हुन नसकेको बताउनुहुन्छ । "बजेट बनाउने बेला राजनीतिज्ञहरूले ऐन, कानुन, नियमावली, बजेट अनुशासन सबै कुरा बिर्सन्छन् । नेताहरूले दिएको सूची (प्रोजेक्ट लिस्ट) अनुसार योजना पर्‍यो कि परेन भन्नेसँग मात्र चासो हुन्छ । दबाब थेग्नै नसकिने हुन्छ," डा श्रेष्ठ भन्नुहुन्छ, "प्रोजेक्ट बैङ्कमा राखिएका योजनालाई मात्र बजेट छुट्याउने व्यवस्था गरिनुपर्छ भनेर गत वर्ष हामीले जोडबल गर्दा त्यसमा विषयगत मन्त्रालय र कर्मचारीहरूले सहयोग गरेनन् ।" प्रोजेक्ट बैङ्कसम्बन्धी नियमावलीको व्यवस्था बाध्यकारी बनाउन खोज्दा गत वर्ष एकै पटक ठूलो सङ्ख्यामा आयोजना प्रविष्टि भएको पनि डा श्रेष्ठ बताउनुहुन्छ ।

कानुनले बाध्यकारी बनाएको व्यवस्थालाई राजनीतिक नेतृत्व र कर्मचारी संयन्त्र दुवैले बुझ्न नसकेको पूर्वसचिव मधुकुमार मरासिनीको पनि बुझाइ छ ।

"प्रोजेक्ट बैङ्कको संवेदनशीलता नबुझ्दा त्यसको परिपालना भएको देखिँदैन । कानुनमा भएको विषय परिपालनाका लागि सबै कर्मचारीलाई तालिम दिनेमा पनि हामी चुकेका छौँ," मरासिनी भन्नुहुन्छ, "अघिल्लो वर्ष प्रोजेक्ट बैङ्कमा के-कस्ता आयोजना राख्ने हो भन्ने स्पष्टता थिएन । हामीले बाध्य बनाउन खोज्दा एकै पटक धेरैवटा योजनाहरू बैङ्कमा राखिए । त्यसमा पनि अधिकांश पुराना योजना हुन् । बाध्यकारी रूपमा जानुपर्छभन्दा गुणस्तरमा ध्यान पुगेन ।"

**जथाभावी 'इन्ट्री'**

बजेट पार्नकै लागि प्रोजेक्ट बैङ्कमा जथाभावी आयोजना प्रविष्ट गर्ने र बजेट छर्ने प्रवृत्ति पछिल्ला वर्षहरूमा बढ्दै गएको देखिन्छ । योजना आयोगले उपलब्ध गराएको तथ्याङ्कले पनि त्यसको पुष्टि गर्छ । आयोगका अनुसार परियोजना बैङ्कमा आव २०७७/७८ सम्ममा छ हजार ६४४ आयोजना प्रविष्टि गरिएको थियो । त्यस्तै, आव २०७८/७९ मा ९९, आव २०७९/८० मा ३९, आव २०८०/८१ मा ११ हजार १४ र चालु आव २०८१/८२ मा २२१ वटा आयोजना प्रोजेक्ट बैङ्कमा हालिएको थियो ।

गत वर्ष मात्रै सहरी विकास मन्त्रालयका सात हजार ३७७, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका पाँच हजार २९४, खानेपानी मन्त्रालयका दुई हजार ८५९ आयोजना प्रोजेक्ट बैङ्कमा हालिएका थिए । त्यस्तै, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको ६४०, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको ६१५, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका २२८ वटा योजना बैङ्कमा प्रविष्ट भए । यति धेरै आयोजना एकै आर्थिक वर्षमा प्रविष्ट हुनु आफैँमा शङ्कास्पद रहेको भनेर त्यसको आलोचनासमेत भएको थियो । विस्तृत परियोजना प्रतिवेदन, प्राविधिक तयारी, लागत विश्लेषण, वातावरणीय मूल्याङ्कनजस्ता काम सम्पन्न नहुँदै आयोजना बैङ्कमा राखिएको आरोप अर्थ मन्त्रालय र आयोग माथि लागेको थियो । तर, तत्कालीन नेतृत्वले भने त्यसको बचाउ गर्दै आएको छ । प्रोजेक्ट बैङ्कमा परेका आयोजनालाई मात्रै बजेट राख्ने भनिएपछि क्रमागत प्रकृतिका, सानो बजेटजस्ता योजना मात्र नभई कार्यक्रमहरू पनि प्रविष्ट भए पनि सङ्ख्या बढेको उहाँहरूको दाबी छ ।

**महालेखाको प्रश्न**

आयोजना बैङ्क प्रभावकारी हुन नसकेको भन्दै महालेखापरीक्षकको कार्यालयले पछिल्ला पाँच वर्षदेखि निरन्तर प्रश्न उठाइरहेको छ । महालेखापरीक्षकको ५८औँ प्रतिवेदन, २०७८ देखि ६२औँ प्रतिवेदन २०८२ सम्म निरन्तर प्रोजेक्ट बैङ्कको प्रभावकारितामाथि प्रश्न उठाइएको छ । प्रोजेक्ट बैङ्कमा प्रविष्ट नगरीकन बजेट बाँडेको देखि मापदण्ड विपरीतका आयोजनालाई बैङ्कमा प्रविष्ट गरेकोसम्ममा कैफियत महालेखाले औँल्याएको छ ।

"सङ्घले रु तीन करोडभन्दा कम र प्रदेशबाट रु एक करोडभन्दा कम लागतका आयोजना कार्यान्वयन नगरिने उल्लेख भएकामा रु तीन करोडभन्दा कम लागत अनुमान भएका आयोजनाहरू बैङ्कमा समावेश गरी सङ्घीय सरकारबाट कार्यान्वयन गर्नेगरी बजेट विनियोजन भएको देखिन्छ । आयोगले आयोजना बैङ्कमा प्रविष्ट आयोजनाको विश्लेषण र मूल्याङ्कन गर्दा उल्लिखित प्रावधानको अवलम्बन गरेको देखिएन," महालेखाको ६२औँ प्रतिवेदनमा भनिएको छ ।

गत आर्थिक वर्ष २०८०/८१ सम्ममा आयोजना बैङ्कमा प्रविष्ट १८ हजार १२ मध्ये चालु अवस्थाका सात हजार ७०५ आयोजना थिए । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको मात्रै चालु अवस्थाको आयोजना सङ्ख्या हेर्दा तीन हजार १८५ वटा देखिन्छ । तर भौतिक मन्त्रालयका लागि सो आर्थिक वर्षमा तीन हजार ९९० वटा योजनाका लागि बजेट छुट्याइयो । अर्थात् प्रोजेक्ट बैङ्कमा प्रविष्ट नभएका ८०५ वटा आयोजनामा बजेट परेको देखिन्छ । त्यस्तै, शहरी विकास मन्त्रालयका चार हजार ९६२ आयोजनालाई प्रोजेक्ट बैङ्कमा प्रविष्ट नगरीकनै बजेट छुट्याइएको थियो ।

यसरी आयोजना बैङ्कमा प्रविष्ट नभएको आयोजनाहरूमा समेत बजेट विनियोजन भएको देखिए पनि महालेखाले प्रश्न उठाएको थियो । योजना आयोग र अर्थ मन्त्रालयले सम्बन्धित मन्त्रालयहरूको वार्षिक कार्यक्रम छलफल र स्वीकृत गर्दा आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनामा मात्र बजेट विनियोजन गर्ने व्यवस्था मिलाउनुपर्ने सुझाव पनि महालेखाले दिएको छ ।

**अध्ययनबिना नै प्रोजेक्ट बैङ्कमा 'कैँची'**

आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटका लागि स्रोत जुटाउन सकस परेको भन्दै सरकारले आयोजना कटौती गर्ने नीति लिएको छ । सरकारको रातो किताबमा पर्ने तर कार्यान्वयन गर्न नसकिने र नतिजासमेत नदिने आयोजनामा कैँची चल्ने सङ्केत अर्थ मन्त्रालय र योजना आयोगबाट भइरहेका छन् । अघिल्लो वर्ष प्रोजेक्ट बैङ्कमा राखिएका सबै आयोजना कार्यान्वयन गर्न सम्भव छैन भनेर करिब आठ हजार हाराहारीमा झारिएको छ । अर्थात् प्रोजेक्ट बैङ्कमा परेका करिब १० देखि ११ हजारको सङ्ख्यामा आयोजनाहरू कटौतीमा पर्ने भएका छन् । तर आयोजना कटौती गर्दा कस्तो प्रकृतिका आयोजनालाई बैङ्कबाट हटाउने र त्यसरी हटाउँदा के कस्ता प्रभाव देखिनसक्छ भनेर कुनै अध्ययन भएको देखिँदैन । योजना आयोगले भने आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्डअनुसार काँटछाँट गरिएको बताउँदै आएको छ ।

अर्थ मन्त्रालयले पनि स्रोतमा चाप देखिएका कारण यसवर्ष योजनामा भारी कटौती हुने बताउँदै आएको छ । गत वैशाख २७ गते नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आयोजना गरेको पूर्व-बजेट छलफल कार्यक्रममा उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विनियोजन कुशलता कमजोर भएको र जथाभावी योजना बाँड्ने प्रवृत्ति मौलाएको बताउनुहुँदै आफूले त्यसमा नियन्त्रणको प्रयास गर्ने बताउनुभएको थियो । "बजेट विनियोजन र कार्यान्वयनका बीचमा ठूलो खाडल सिर्जना भएको छ र त्यो हुनुमा हामी नै जिम्मेवार छौँ । चालु आर्थिक वर्षमा मात्रै ११ हजारभन्दा बढी योजना प्रोजेक्ट बैङ्कमा थपिनुले पनि हाम्रो विनियोजन कुशलता कति छ भन्ने देखाउँछ," अर्थमन्त्री पौडेलको भनाइ थियो, "अहिले म थप खाल्डो खन्न होइन त्यसलाई पुर्न खोजिरहेको छु । मैले यसमा सबै क्षेत्रको साथ खोजेको छु ।" आगामी आर्थिक वर्षको बजेटलाई यथार्थपरक बनाउन प्रयास गर्ने र कार्यान्वयन सुनिश्चितासहितको बजेट ल्याउने उहाँको दाबी थियो । आगामी आवको बजेट बनाउँदा कुशलतासहितको विनियोजन गर्ने, अनुशासनतर्फ फर्किन प्रयास गर्ने र असीमित दायित्वलाई प्राथमिकीकरण गर्ने भनेर अर्थमन्त्री पौडेलले विभिन्न सार्वजनिक कार्यक्रममा समेत बताउँदै आउनुभएको छ ।

**नयाँ मापदण्ड**

राष्ट्रिय आयोजना बैङ्क (कार्य सञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ अनुसार निश्चित उद्देश्य, लक्ष्य र परिणामका लागि कार्यान्वयन गरिने समयसीमा तथा बजेट लागतसमेत खुलाइएर प्रोजेक्ट बैङ्कमा आयोजना प्रविष्ट गर्नुपर्ने हुन्छ । पूर्वतयारी सम्पन्न भइसकेका, निर्माण सम्पन्न भएपछि सार्वजनिक सम्पत्तिमा वृद्धि वा रूपान्तरण हुने पूर्वाधार, आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय तथा अन्य विकाससँग सम्बन्धित कार्यलाई आयोजना मानिने र त्यस्ता आयोजना प्रोजेक्ट बैङ्कमा राखिने मापदण्डमा उल्लेख छ ।

त्यस्तै, आयोजना निर्माणको स्रोत के हो ? भन्नेकुरा पनि खुलाउनुपर्ने हुन्छ । नेपाल सरकारको स्रोत, वैदेशिक तथा आन्तरिक ऋण वा अनुदानमा सञ्चालन हुने सबै खालका आयोजनालाई प्रोजेक्ट बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ । सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजना, प्रदेश तथा स्थानीय सरकारबाट कार्यान्वयन हुने राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनालाई पनि प्रोजेक्ट बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

मापदण्डअनुसार रू तीन करोडभन्दा बढी लागत भएका वा विनियोजन भएका आयोजना मात्र प्रोजेक्ट बैङ्कमा प्रविष्टि गर्नुपर्ने हुन्छ । त्यस्तै, चालु प्रकृतिका वा सालबसाली रूपमा कार्यान्वयन हुने आयोजना वा कार्यक्रमबाहेकका अन्य आयोजना मात्र राष्ट्रिय आयोजना बैङ्कमा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रोजेक्ट बैङ्कलाई सरकारका अन्य विभिन्न सूचना प्रणालीसँग आबद्ध गर्नुपर्ने व्यवस्था पनि मापदण्डमा राखिएको छ । मध्यमकालीन खर्च संरचना, बजेट व्यवस्थापन सूचना प्रणाली (एलएमबिआइएस), वित्तीय खरिद प्रणाली तथा एकीकृत 'अनलाइन' अनुगमन प्रणालीसँग आयोजना व्यवस्थापन सूचना प्रणालीलाई अन्तरआबद्धता कायम गर्नुपर्ने व्यवस्था रहेको छ । यसका लागि आयोगले तयारीसमेत गरिरहेको सहसचिव भण्डारीले बताउनुभयो । उहाँका अनुसार सबै प्रदेश र स्थानीय तहहरूमा पनि प्रोजेक्ट बैङ्क आवश्यक पर्ने भएकाले आयोगको समन्वयमा नै एकीकृत प्रोजेक्ट बैङ्क र सूचना प्रणालीको मापदण्ड बनाउने तयारी रहेको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# ‘जलवायु चेतना प्रभावकारी बनाउन एकीकृत प्रयास आवश्यक’

काठमाडौं, १३ जेठ (रासस)।

नेपाली कांग्रेसका नेता डा मीनेन्द्र रिजालले पछिल्लो समय जलवायु परिवर्तनसम्बन्धी चेतना जनस्तरसम्म बढ्दै गएको उल्लेख गर्दै यसलाई प्रभावकारी बनाउन एकीकृत प्रयासको आवश्यकता औँल्याउनुभएको छ।

नेपाल प्रेस युनियनले स्थापना दिवसका अवसरमा मंगलबार यहाँ आयोजना गरेको 'लोकतन्त्र, प्रेस स्वतन्त्रता र जलवायु सङ्कटमा प्रेस भूमिका' कार्यक्रममा उहाँले जलवायु चेतना सम्बन्धमा सरकारसँगै सरोकारवाला सबैको भूमिका एकीकृत रूपमा अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभयो। उहाँले कार्बन उत्सर्जनमा नेपालको नगण्य भूमिका रहे पनि जलवायुको असरबाट बढी प्रभावित हुनु परेको समेत बताउनुभयो।

पूर्वसञ्चारमन्त्री समेत रहनुभएका डा रिजालले भन्नुभयो, “नेपालले पछिल्लो समय बेमौसमी वर्षाका कारण जलवायु विपद्का ठूलो क्षति व्यहोर्नु परेको छ। यसमा क्षतिपूर्ति र दाबीका लागि अन्तरराष्ट्रिय पहल र पैरवी आवश्यक छ।”

फरक प्रसङ्गमा उहाँले पछिल्लो समय सामाजिक सञ्जालको व्यापक प्रयोग बढेसँगै देखिएका चुनौती सामना गर्न सबै पक्षसँगै मिडियाको पनि महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

कार्यक्रममा प्रतिनिधिसभाका सदस्य उदयशम्शेर राणाले नेपालले जलवायुजन्य क्षतिपूर्तिका लागि जलवायु वित्तमा पहुँच पुर्‍याउन आवश्यक रहेको उल्लेख गर्नुभयो। साथै उहाँले सामाजिक सञ्जालमा देखिएका विकृति समाधानका लागि मिडियाका भूमिकाबारे प्रकाश पार्नुभयो।

प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिका सभापति कुसुमदेवी थापाले जलवायु परिवर्तन विश्वको जल्दोबल्दो विषय भएको उल्लेख गर्दै यसमा मिडियाको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो। उहाँले मिडियामा देखिएका विकृति समाधानका लागि प्रेस युनियन जस्ता संस्थाको भूमिका महत्वपूर्ण हुने धारणा व्यक्त गर्नुभयो।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष वरिष्ठ पत्रकार हरिहर विरहीले पछिल्लो समय केही व्यक्तिका विकृति देखाएर सिङ्गो राजनीतिक व्यवस्थालाई नै बदनाम गराउने काम भइरहेको बताउनुभयो। उहाँले यस्तो अवस्थामा भ्रम चिरेर यथार्थ देखाउनका लागि प्रेसको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो।

कार्यक्रममा प्रेस युनियनका अध्यक्ष शिव लम्साल, पूर्वअध्यक्षहरू रमेश तुफान, कुलचन्द्र वाग्ले, समीरजङ्ग शाह, बद्री सिग्देल, युनियनका उपाध्यक्ष नकुल अर्याल, पत्रकार महासङ्घका उपाध्यक्ष उमिद वागचन्द र नेपाल विद्यार्थी सङ्घका केन्द्रीय सदस्य प्रेमिका रानाले लोकतन्त्र र प्रेस स्वतन्त्रताका लागि युनियनले खेल्दै आएको भूमिकाबारे चर्चा गर्नुभएको थियो।

# ‘मानव अधिकार आयोगका सिफारिसको कार्यान्वयन न्यून’

काठमाडौं, १३ जेठ (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले कार्यान्वयनका लागि सर आयोगले कारलाई गरेका सिफारिसहरू कार्यान्वयन भएको बताउनुभएको छ।

आयोगको २५ औँ वार्षिकोत्सव समारोहमा मंगलबार आयोजित कार्यक्रममा उहाँले कारबाहीका लागि गरिएका सिफारिस धेरै कार्यान्वयन नभएका बताउनुभयो। उहाँले आयोगबाट गरिएका सिफारिस कार्यान्वयन नहुँदा दण्डहीनताले प्रश्रय पाउनसक्ने विचार व्यक्त गर्नुभयो।

नागरिकको अभिव्यक्ति स्वतन्त्रतासँग मानव अधिकार अन्योन्याश्रित सम्बन्ध रहेको र विचार तथा अभिव्यक्तिको स्वतन्त्रतालाई शान्तिपूर्ण तरिकाले प्रस्तुत गर्नुपर्नेमा उहाँले जोड दिनुभयो।

अध्यक्ष मगरले सशस्त्र द्वन्द्वका बेला भएका मानव अधिकार उल्लङ्घनका घटनाका पीडितहरूको न्याय र परिपूरण सबैको सरोकार, चिन्ता र जिम्मेवारीको विषय भएकाले राज्यका निकायहरूले कुशलतापूर्वक आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने बताउनुभयो।

चालु आर्थिक वर्षमा मानव अधिकार उल्लङ्घनसम्बन्धी ५८ वटा उजुरी दर्ता भएका छन्। आयोग २०५७ जेठ १३ गते स्थापना भएको स्मरणमा प्रत्येक यसै दिन स्थापना दिवस मनाउने गरिएको छ।

आयोगले ‘जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र समृद्धिको आधार’ नाराका साथ २५ औँ वार्षिकोत्सव मनाएको छ।

# जेठ १५ गतेको आन्दोलन शान्तिपूर्ण र संयमित हुनेछ : राप्रपा

काठमाडौं, १३ जेठ (रासस)।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहितका तीन राजनीतिक दलले यही जेठ १५ गते हुने आन्दोलन शान्तिपूर्ण र संयमित हुने जनाएको छ।

राप्रपा, राप्रपा नेपाल र राष्ट्रिय शक्ति अभियानद्वारा मंगलबार यहाँ आयोजित पत्रकार भेटघाटमा राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले आन्दोलन भद्र अवज्ञा प्रकृतिको हुने भएकाले आग्रह पूर्वाग्रह नराखी स्वतन्त्र अनुगमनका लागि सञ्चारजगत्सँग आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, “तीन पार्टीको घोषित उपत्यकाव्यापी आन्दोलन संविधान विरोधी नभई संविधानले दिएको सुविधाभित्रै रहेर शान्तिपूर्ण ढङ्गबाट हुनेछ।”

राप्रपा नेपालका अध्यक्ष कमल थापाले पार्टीले अवलम्बन गरेका ‘एजेन्डा’ स्थापित गर्ने क्रममा हुन गइरहेको आन्दोलन शान्तिपूर्ण हुने बताउनुभयो। उहाँले भन्नुभयो, “शान्तिपूर्ण आन्दोलनमा जनताको सहभागिताले राप्रपाको एजेन्डा स्थापित गर्न अन्य राजनीतिक दल र सरकारसँग वार्ताको वातावरण बनाउने छ।”

राष्ट्रिय शक्ति अभियानका संयोजक केशरबहादुर विष्टले देशमा राजनीतिक स्थिरता र शान्ति सुव्यवस्थालाई सहज तुल्याउन आफूहरूले लामो समयदेखि उठाउँदै आएको मागलाई जनदबाब सिर्जना गरी सम्बोधन गर्न आह्वान गरिएको आन्दोलनलाई सहयोग पुर्‍याउन सबैसँग अनुरोध गर्नुभयो।

आन्दोनल परिचालन समितिका संयोजक नवराज सुवेदीले यही जेठ १५ गतेको आन्दोलन शान्तिपूर्ण, अंहिसात्मक र सत्याग्रहमा आधारित हुने विश्वास दिलाउनुभयो। उहाँले आन्दोलनलाई शान्तिपूर्ण तुल्याउन करिब दुई हजारको सङ्ख्यामा स्वयंसेवक परिचालन गरिने जानकारी दिनुभयो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज**

मिति :-२०८२/०२/११

**विषय:- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जनाबन्दी श्रेस्ता बमोजिम रैती नं. ३२ राम लगन चौधरीको नाममा कायम रहेका साबिक प्रगन्ना मालक्षमुना मौजे बनौली नानकरकट्टी सा.कि.नं. १११३ ज.वि. ०-१-१९, ऐ.ऐ. सा.कि.नं. १११० ज.वि. ०-१-१३, ऐ.ऐ. सा.कि.नं. ४१२ ज.वि. ०-८-१६, ऐ.ऐ. सा.कि.नं. ४८७ ज.वि. १-२-८ र रैती नं. २२ मांगनी साहु नाममा कायम रहेका साबिक प्रगन्ना मालक्षमुना मौजे बनौली नानकरकट्टी सा.कि.नं. २९४ ज.वि. ०-१-११ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स बनौली वडा नं.२ हाल खडक न.पा. वडा नं. ११ बस्ने राम लगन चौधरीको नाति ध्रुव नारायण चौधरीको छोरा बाल मुकुन्द चौधरी-१, राम लगन चौधरीको छोरा कृष्ण चन्द चौधरी-१ समेत २ को यस कार्यालयमा द.नं. १७७५ मिति २०८०/०९/१६ को निवेदन तोंगीलीबाट शिकाई पाउ भनि द.नं. ९६२२ मिति २०८१/१०/०२ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८२/०२/११ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति निजी वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही मै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १११३<br>१११०<br>४८७<br>२९४ | रामलगन चौधरी<br>रामलगन चौधरी<br>रामलगन चौधरी<br>मांगनी साहु | बनौली | ७क<br>७क<br>७क<br>२ख | २८२<br>२८३<br>८९<br>१४ | ०-१-१५<br>०-१-७<br>०-१०-११.५<br>०-२-७ | बाल मुकुन्द चौधरी<br>कृष्ण चन्द चौधरी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको व्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा राम लगन चौधरीको नम्बरी हो रहेको। |
| ४१२ | रामलगन चौधरी | बनौली | ३क | २३ | ०-१०-१६ | बाल मुकुन्द चौधरी | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महलमा ध्रुव लाल मिया रहेको, किसानको व्यहोरा महल खाली, कैफियत महलमा ध्रुव नारायण चौधरीको अधियाँमा जोतेको छु रहेको। |

प्रमुख मालपोत अधिकृत
लक्ष्मी प्रसाद [illegible]

# विश्व समाचार

## चीनको अन्तरिक्ष यात्रा : ब्रह्माण्ड बुझ्ने दिशामा नयाँ पाइला

सिचाङ, १३ जेठ (रासस/सिन्ह्वा)।

चीनले 'तियानवेन-२' नामक अन्तरिक्ष यान यही मे २९ गते प्रक्षेपण गर्ने घोषणा गरेको छ। उक्त यानले पृथ्वीको नजिक रहेको एउटा क्षुद्रग्रह तथा ग्रहहरू बीच रहेको एउटा अनौठो पुच्छेताराको अध्ययन तथा नमुना सङ्कलन गर्नेछ। 'तियानवेन-२' चीनको दोस्रो अन्तरिक्ष अन्वेषण मिसन हो, जसले पृथ्वी नजिकको क्षुद्रग्रह बाट नमुना सङ्कलन गर्ने र ग्रहपथको पुच्छेताराको अध्ययन गर्ने उद्देश्य राखेको छ।

'क्षुद्रग्रहबाट भन्नाले आकाशमा घुमिरहने पिण्डबाट वैज्ञानिक अनुसन्धानका लागि नमुना लिने कार्यलाई जनाइन्छ। तिनीहरूमा पुगेर त्यहाँको माटो, धुलो, ढुङ्गा वा अन्य तत्व सङ्कलन गर्ने कार्यलाई जनाइन्छ। यस्तो नमुना सङ्कलन विशेष वैज्ञानिक यान (अन्तरिक्ष यान) मार्फत गरिन्छ, जसले ती नमुनाहरूलाई पृथ्वीमा फर्काएर ल्याउँछ। क्षुद्रग्रहहरूमा अत्यन्त पुराना र जस्ताको तस्तै रहेका तत्वहरू हुने भएकाले ती सौर्यमण्डलको सुरुवाती अवस्था बुझ्नका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ। वैज्ञानिकहरूले यस्ता नमुनाहरूको प्रयोग गरेर पृथ्वी, चन्द्रमा, ग्रह र अन्य आकाशीय पिण्डहरूको उत्पत्ति, विकास र रासायनिक संरचना बुझ्न प्रयास गर्छ। यस्ता अध्ययनले भविष्यमा पृथ्वीमा ठोक्किन सक्ने सम्भावित खतराहरूको पहिचान तथा अन्तरिक्षमा खनिज खोज्ने सम्भावनालाई समेत टेवा पुर्‍याउँछ।

चीनको राष्ट्रिय अन्तरिक्ष प्रशासनका अनुसार, तियानवेन दुई यानले '२०१६ एच ओ ३' नामक क्षुद्रग्रहबाट नमुना सङ्कलन गर्नेछ। यो चीनको पहिलोपटक हुने क्षुद्रग्रहबाट नमुना सङ्कलन अभियान हुनेछ। यानले त्यस्तै '३११पी' नामक ग्रहपथको पुच्छेताराको पनि अध्ययन गर्नेछ।

प्रक्षेपणको सम्पूर्ण तयारी चीनको सिचुवान प्रान्तस्थित सिचाङ उपग्रह प्रक्षेपण केन्द्रमा सुचारु रूपमा अघि बढिरहेको छ। प्रक्षेपणका लागि प्रयोग हुने लामो पद यात्राको सयौं दस नामक अग्निबाणमा चाँडै इन्धन भरिनेछ। तियानवेन दुई यानले यसअघि सबै पूर्वनिर्धारित प्रक्रिया जडान, परीक्षण, इन्धन भर्ने कार्य, स्थान परिवर्तन, कार्यसामर्थ्य जाँच र संयुक्त परीक्षण सफलतापूर्वक सम्पन्न गरिसकेको छ।

अग्निबाणलाई मे १४ गते प्राविधिक क्षेत्रबाट प्रक्षेपण क्षेत्रमा सारिएको थियो। त्यसपछि यसमा यान जडान, छोप्ने संरचना तयार गर्ने, सम्पूर्ण जाँच तथा परीक्षण सम्पन्न गरिएको छ। साथै, विभिन्न नियन्त्रण केन्द्र तथा निगरानी स्थलबीच समन्वयात्मक अभ्यास पनि गरिएको छ।

'२०१६ एच ओ ३' नामक क्षुद्रग्रह, जुन सन् २०१३ मा हवाई टापुमा रहेको एउटा तारादर्शक यन्त्रले पत्ता लगाएको थियो।

## नासाको चन्द्र अभियानसँग जोडिएको स्टारशिप पुनः परीक्षणमा उत्रिँदै

वासिङटन, १३ जेठ (रासस/एएफपी)।

एलन मस्कको मङ्गल ग्रहमा मानव बस्ती बसाल्ने महत्वाकांक्षी योजनाको केन्द्रमा रहेको स्पेसएक्सको 'स्टारशिप मेगारकेट' आज फेरि परीक्षण उडानको तयारीमा छ। अघिल्ला दुई प्रयासमा यानमा आगो लागेर विस्फोट भएपछि यो परीक्षणमा थप चासो केन्द्रित भएको छ।

टेक्सासको दक्षिणी भागमा रहेको स्पेसएक्सको स्टारबेस प्रक्षेपण केन्द्रबाट आज स्थानीय समय अनुसार बेलुका ६:३० बजे प्रक्षेपण हुने समय तय गरिएको छ। एक सय २३ मिटर अग्लो स्टारशिप अहिलेसम्म बनाइएको सबैभन्दा ठूलो यान हो।

नासाले पनि आफ्नो 'आर्टेमिस-३' मिशन अन्तर्गत अमेरिकीहरूलाई चन्द्रमामा फर्काउने यानको रूपमा स्टारशिपको एक संस्करण प्रयोग गर्ने तयारी गरेको छ। तर अघिल्ला दुई परीक्षणमा माथिल्लो भाग विस्फोट हुँदा टुक्राहरू क्यारेबियन टापुहरूमा खसेका थिए, जसले हवाई उडानमा बाधा पुर्‍याएको थियो। यसपटक परीक्षण सफल पार्न स्पेसएक्समाथि थप दबाब रहेको छ। कम्पनीले परीक्षणमार्फत तीव्र विकासको नीति अपनाएको बताउँदै आएको छ, जसले विगतमा पनि वाणिज्यिक अन्तरिक्ष उडानमा सफलताको आधार तयार पारेको थियो।

अमेरिकी सङ्घीय उड्डयन प्रशासन (एफएए) ले प्रक्षेपणका लागि अनुमति दिँदै हवाई क्षेत्र बन्द गर्ने क्षेत्रफल झन्डै दोब्बर बनाउँदै एक हजार ६०० नौटिकल माइलसम्म विस्तार गरेको छ। यस प्रक्रियामा बेलायत, टर्क्स र केकोस टापु, बहामास, मेक्सिको र क्युबाका अधिकारीहरूसँग समन्वय गरिएको छ।

एफएएले वार्षिक प्रक्षेपण सङ्ख्या पाँच बाट बढाएर २५ पुर्‍याउने निर्णय पनि हालै गरेको छ। यसले वातावरणमा नकारात्मक असर नपार्ने बताउँदै संरक्षण समूहहरूको चेतावनीलाई अस्वीकार गरेको हो, जसले समुद्री कछुवा र तटीय चराहरूको जोखिमको चेतावनी दिएका थिए।

## गाजा युद्ध सन्दर्भमा नेतान्याहुको बन्धक रिहाइको प्रतिबद्धता

गाजा, १३ जेठ (रासस/एएफपी)।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले जीवित र मृतक सबै बन्धकहरूलाई स्वदेश फर्काउने प्रतिबद्धता जनाउनुभएको छ। उहाँको यो भनाइ १० इजरायली बन्धकको रिहाइसहित प्रस्ताव गरिएको ७० दिन लामो युद्धविरामसम्बन्धी बहसबीच आएको हो।

इजरायलले गाजामा आक्रमण तीव्र बनाउँदै लगेका बेला अन्तर्राष्ट्रिय समुदायबाट आलोचना बढेको छ। लामो नाकाबन्दीपछि गाजामा मानवीय सहायता प्रवाह पुनः सुरु गरिएको जनाइएको छ। सन् २०२३ को अक्टोबरमा हमासको आक्रमणमा २५१ जना इजरायलीहरू अपहरणमा परेका थिए, जसमा हालसम्म ५७ जना गाजामा छन् र ३४ जनाको मृत्यु भइसकेको इजरायली सेनाले जनाएको छ।

सोमबार गाजामा भएको इजरायली आक्रमणमा कम्तीमा ३३ जनाको मृत्यु भएको र कैयौं घाइते भएको नागरिक सुरक्षा एजेन्सीका प्रवक्ता महमुद बासलले जानकारी दिनुभएको छ। अर्को आक्रमणमा जबालिया क्षेत्रमा थप १९ जनाको मृत्यु भएको छ। इजरायली सेनाले हमास र इस्लामिक जिहादका उच्च नेताहरू लक्षित गरी आक्रमण गरिएको दाबी गरेको छ।

# अब नेपालमै रक्त क्यान्सरको ‘प्रकार’ पत्ता लगाउने ‘फ्लोसाइटोमेट्री’ परीक्षण

**नारायण अधिकारी**
चितवन, १३ जेठ (रासस)।

यहाँस्थित बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा रक्त क्यान्सरको ‘भेरियन्ट’ (प्रकार) पत्ता लगाउन गरिने ‘फ्लोसाइटोमेट्री’ परीक्षण सुरुआत भएको छ। यसका लागि अस्पतालले उपकरण जडान गरी चिकित्सक, प्राविधिकलाई आवश्यक तालिमसमेत दिएको छ।

अस्पतालको प्रयोगशाला विभाग प्रमुख डा ग्रेता पाण्डेले ‘फ्लोसाइटोमेट्री’सेवा थालनी गरेर ९० जनाभन्दा बढीको परीक्षण पनि गरिएको जानकारी दिनुभयो। विगतमा यो परीक्षणका लागि महँगो शुल्क तिरेर भारत पठाउनुपर्ने बाध्यता थियो। अस्पतालले यो सेवा सुरु गरेसँगै रु१२ हजारमा नै यो परीक्षण गर्न सकिने अस्पतालले जनाएको छ। बाहिर पठाउँदा ठाउँअनुसार धेरै रकम तिर्नुपर्ने हुन्थ्यो। नेपालमा बर्षेनी कतिजनालाई रक्त क्यान्सर हुन्छ भन्ने एकीन तथ्याङ्क कुनै निकयसँग छैन।

रक्त क्यान्सर भएका बिरामीको हड्डीभित्रबाट मासी निकालेर गरिने एक प्रकारको उच्चस्तरको परीक्षण हो। प्रमुख डा पाण्डेले भन्नुभयो, “रक्त क्यान्सरको टाइप पत्ता लगाउन गरिने परीक्षण हो। ढाडबाट मासी निकालेर परीक्षण गरिन्छ।”

एक जना डाक्टर र एक जना प्राविधिकलाई भारतको टाटा मेमोरियल क्यान्सर अस्पताल तालिमका लागि पठाइएकामा उहाँहरू तालिम लिएर आएसँगै यहाँ परीक्षण सुरु गरिएको जनाइएको छ।

अस्पतालका कार्यकारी निर्देशक डा शिवजी पौडेलले क्यान्सर उपचारलाई थप प्रभावकारी बनाउन मेसिन उपकरण जडान गरेर र जनशक्तिलाई तालिम प्रदान गरेर सेवा थप गर्दै लगिएको बताउनुभयो। यही परीक्षण हुने भएसँगै बिरामीहरू प्रत्यक्ष लाभान्वित भएका छन्। पछिल्लो समय क्यान्सर अस्पतालले आफ्नो सेवालाई थप प्रभावकारी बनाउन उपकरण थप गर्ने र जनशक्तिलाई तालिम दिने कार्यलाई तीव्रता दिँदै आएको अस्पतालले जनाएको छ।

# मधेश प्रदेश लिगमा सप्तरी फाईनलमा प्रवेश



**दैनिक समाचारदाता**
**राजविराज, १३ जेठ।**

बाराको कलैयामा जारी मधेश प्रदेश क्रिकेट लिगमा सप्तरीका राहुल बिकको बिष्फोटक ब्याटिंडको मदतले सप्तरी फाईनलमा प्रवेश गरेको छ।

मंगलवार सिद्वेश्वर खेल मैदानमा सम्पन्न सेमिफाईनल खेलमा धनुषालाई ३ बिकेट पराजित गर्दै सप्तरी फाईनलमा प्रवेश गरेको हो।

धनुषाले दिएको ९९ रनको लक्ष्य सप्तरीले १९ ओभर २ बलमा ७ बिकेट गुमाएर प्राप्त गऱ्यो। राहुल बिकले ३१ बलमा ४ छक्का र ४ छक्काको मदतले ४८ रन बनाउदै नटआउट खेलेपछि सप्तरी अन्तिम ओभरमा जित निकाल्न सफल भयो।

सुरूवातमा रोहन बिक सँगै अभिषेक कार्की, भोला साह, पप्पु यादब, नितेश यादब सहित ५ जना ब्याटरले दोहोरो अंक पार गर्न सकेका थिएन्।

यसैगरी टिमका लागि कप्तान अमित यादबले ११ रन बनाएका थिए भने वसन्त यादबले नटआउट रहदै ४ रन बनाएका थिए।

बलिङतर्फ धनुषाका रनरूप यादब र अबजित मण्डलले समान्य २/२ बिकेट तथा बिकास सुशलिंग, अखिलेश ठाकुर, बिक्रान्त यादबले १/१ बिकेट लिएका थिए।

टस जितेर धनुषा जिल्ला क्रिकेट टिमले २० ओभरमा ९ बिकेट गुमाएर ९८ रनको योगफल खडा गरेका थिए। जसमा अखिलेश ठाकुरले २३ रन, हिमान्सु दत्तले २१ रन बनाएका थिए। बलिङतर्फ सप्तरीका नितेश यादबले ३ बिकेट, पप्पु यादब २ बिकेट तथा अजय यादब र बिकास दासले समान्य १/१ बिकेट लिएका थिए।

खेलको प्लेयर अफ दि म्याच सप्तरीका राहुल बिक घोषित भएका थिए। जेठ १५ गते बाराको बिरगंजमा बारा र सप्तरी बिच फाईनल खेल हुने मधेश प्रदेश क्रिकेट संघका सचिव आयुष श्रेष्ठले जानकारी दिए।

# वीरगञ्ज सुक्खाबन्दरगाहद्वारा १० महिनामा ४१ अर्ब राजस्व संकलन

वीरगञ्ज (पर्सा), १३ जेठ (रासस)।

सिर्सियास्थित वीरगञ्ज सुक्खाबन्दरगाह भन्सार कार्यालयले चालु आर्थिक वर्षको १० महिनामा रु ४१ अर्ब १८ करोड ११ लाख ३८ हजार राजस्व सङ्कलन गरेको छ। कार्यालयले सो अवधिमा वार्षिक लक्ष्यको ६८ दशमलव ५८ प्रतिशत राजस्व सङ्कलन गरेको छ।

कार्यालयका प्रमुख भन्सार अधिकृत धनबहादुर बरुवालले गत आवको १० महिनाको तुलनामा चालु आवको सोही अवधिमा रु एक अर्ब १४ करोड २८ लाख बढी राजस्व सङ्कलन गरेको जानकारी दिनुभयो। “गत आवको १० महिनामा रु ४० अर्ब तीन करोड ८३ लाख ३८ हजार राजस्व सङ्कलन भएको थियो”, उहाँले भन्नुभयो, “गत आवको तुलनामा चालु आवको सोही अवधिमा समग्रमा दुई दशमलव ८५ प्रतिशतले राजस्व सङ्कलनमा वृद्धि भएको छ।”

कार्यालयले साउनमा रु तीन अर्ब ७५ करोड, भदौमा रु चार अर्ब ६४ करोड, असोजमा रु चार अर्ब ३६ करोड, कात्तिकमा रु तीन अर्ब ७९ करोड, मङ्सिरमा रु तीन अर्ब २२ करोड, पुसमा रु तीन अर्ब ५६ करोड, माघमा रु चार अर्ब २९ करोड, फागुनमा रु चार अर्ब ६८ करोड, चैतमा रु चार अर्ब ५० करोड र वैशाखमा रु चार अर्ब ३४ करोड ५२ लाख ८९ हजार राजस्व सङ्कलन गरेको छ। भन्सार विभागले कार्यालयलाई वर्षभरिमा रु ६० अर्ब चार करोड ८७ लाख ९७ हजार राजस्व सङ्कलन गर्ने लक्ष्य निर्धारण गरेको थियो।

### नक्कली मान्छे ...

कार्यालयमा पेश गरिएको बताए।

मालपोत कार्यालयले पनि सोही कागजातको आधारमा एक पक्षिय रुपमा आफ्नो नाउँको मोही दर्ता खारेज गरि अन्याय गरेको उनको भनाई छ।

अचम्म त के छ भने तत्कालिन सचिव मुखियाले आफ्नो कर्मचारी रहेको भनी मालपोत कार्यालयमा साक्षिका रुपमा प्रस्तुत गरेका व्यक्ति मटरसाह हलुवाई आफु कहिले पनि सो कार्यालयमा कुनै पदमा कार्यरत नरहेको बताए।

पत्रकार सम्मेलनमा खड्गा सँगै उपस्थित रहेका उनले उक्त प्रकरणको सत्यतथ्य छानबिन गरि दोषिमाथी कारवाही हुनु पर्ने माग समेत गरेका छन्।

# एक महिनामै आगलागीबाट एघार जनाको मृत्यु, ६७ जना घाइते

काठमाडौँ, १३ जेठ (रासस)।

देशभर पछिल्लो एक महिनामै आगलागीबाट ११ जनाले ज्यान गुमाएका छन्। जसमा तीन पुरुष, पाँच महिला, दुई बालक र एक बालिका छन्।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता, प्रहरी वरिष्ठ उपरीक्षक रमेश थापाले गएको वैशाखको तथ्याङ्क विश्लेषण गर्दा सो अवधिमा आगलागीबाट ६७ जना घाइते भएको पनि जानकारी दिनुभयो। घाइते हुनेमा २७ पुरुष, ३२ महिला र आठ बालबालिका छन्।

आगलागीका घटनामा बढोत्तरी भएसँगै ठूलो भौतिक तथा मानवीय क्षति हुने गरेको उहाँले बताउनुभयो। नागरिक सचेत भए पनि घेरै घटना रोक्न सकिने जनाइएको छ।

प्रहरीले एक महिनामा आगलागीबाट १५१ घर, १०१ गोठ र तीनवटा ससरकारी कार्यालयमा क्षति पुगेको जानकारी दिएको छ। आगलागीबाट १८९ पशुचौपायसमेत मरेको छ।

ती आगलागीका घटनाबाट २४ करोड १९ लाख ५९ हजार बढीको आर्थिक क्षति पनि भएको प्रहरीको तथ्याङ्कमा उल्लेख छ।

आगलागीबाट ११० परिवार विस्थापित नै भएका छन्। एक महिनामै ६३४ वटा आगलागीका घटना भएको पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ।

प्रहरीका अनुसार वैशाख महिनामा सबैभन्दा बढी आगलागीका घटना लुम्बिनी प्रदेशमा भएको छ।

उक्त प्रदेशमा १४३ वटा आगलागीका घटना भएको छ। त्यसपछि १३६ वटा आगलागीका घटना कोशी प्रदेशमा भएको छ। यसैगरी, १०४ वटा आगलागीका घटना मधेश प्रदेशमा भएको पनि प्रवक्ता थापाले बताउनुभयो।

यसैगरी, बागमतीमा ६४, काठमाडौँ उपत्यकामा ३२, गण्डकी प्रदेशमा ५३, कर्णाली प्रदेशमा ४३ र सुदूरपश्चिम प्रदेशमा ५९ वटा आगलागीका घटना भएको प्रहरीले जानकारी दिएको छ। धेरै आगलागीका घटना मानवीय कारणले हुने गरेको आगलागीसँग सम्बन्धित विज्ञहरूले बताउँदै आएका छन्।

# गृहमन्त्रीको राजीनामा नआएसम्म संसद् चल्न नदिने प्रतिपक्षी दलको माग

काठमाडौँ, १३ जेठ (रासस)।

संसद्का प्रतिपक्षी दलले गृहमन्त्री रमेश लेखकले राजीनामा नदिएसम्म प्रतिनिधिसभाको कारबाही अघि बढ्न नदिने माग लिएको छ।

सभामुख देवराज घिमिरेले प्रतिनिधिसभाको मंगलबारको बैठक सुरू गरेपछि सबै प्रतिपक्षी दलका सांसदले उठेर विरोध जनाएका थिए। त्यसपछि सभामुख घिमिरेले नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का सांसद वर्षमान पुनलाई बोल्ने समय दिनुभएको थियो।

सांसद पुनले यो हप्ताभर सार्वजनिक सञ्चारमाध्यममा त्रिभुवन विमानस्थल अध्यागमनमा ‘भिजिट भिसा’ मा भ्रष्टाचार भएको चर्चा चलेको उल्लेख गर्नुहुँदै सामान्य नागरिक जो काम गर्न बाहिर जान्छन् उनीहरूलाई रु ५० लाखदेखि रु तीन करोडसम्म उठाइएको भन्ने तथ्य आएको बताउनुभयो।

मुख्य आरोपी सहसचिव तीर्थराज भट्टराईलाई गृहमन्त्रीले नै त्यहाँ पठाएको आरोप लगाउँदै त्यस विषयमा अनुसन्धान हुनुपर्ने प्रतिपक्षी दलको माग छ। गृहमन्त्री रमेश लेखक कानुन र मानव अधिकार क्षेत्रबाट आउनुभएकाले र उहाँले यसअघि धेरै नेतामाथि नैतिकताको विषय उठाउनुभएकाले उहाँको राजीनामा माग गर्नुभयो।

“गृहमन्त्री लेखकको सचिवालय यसमा जोडिएकाले अनुसन्धान गर्ने निकाय सबै गृहमन्त्री मातहत रहेकाले गृहमन्त्रीले राजीनामा दिएर अनुसन्धानका लागि मार्गप्रशस्त गरिदिनुपर्छ, उहाँले राजीनामा दिनुपर्छ, राजीनामा नआएसम्म संसद्को प्रक्रिया अघि बढ्दैन,” सांसद पुनले भन्नुभयो।


**अतिथि गृह बहाल मार्फत सञ्चालन गर्न दररेट पेश गर्ने सम्वन्धी नेपाल पत्रकार महासंघ शाखा सप्तरीको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/०२/११**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीको अतिथि गृह सञ्चालन र आम्दानी-खर्च सम्बन्धी कार्यविधि २०८१ को परिच्छेद ३ बमोजिम नेपाल पत्रकार महासंघ शाखा सप्तरीको स्वामित्वमा रहेको नव निर्मित अतिथि गृहको पहिलो र दोस्रो तल्लामा रहेको ८ वटा कोठा ५ वर्षका लागि बहालमा दिई संचालन गर्नुपर्ने भएकोले बहालमा लिन चाहने इच्छुक (नेपाली नागरिक) व्यक्ति वा फर्मले सूचना प्रकाशन/प्रसारण भएको मितिले १५ दिन भित्र बहालमा लिने प्रतिबर्षको हिसावले हुन आउने दररेट पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. दररेट पेश गर्दा नेपाल पत्रकार महासंघ शाखा सप्तरीको अतिथि गृह सञ्चालन र आम्दानी-खर्च सम्बन्धी कार्यविधि २०८१ को परिच्छेद ३ र ४ मा व्यवस्था भए बमोजिमको परिधि भित्र रहि गर्नुपर्ने छ।
२. नेपाल पत्रकार महासंघ शाखा सप्तरीको अतिथि गृह सञ्चालन र आम्दानी-खर्च सम्बन्धी कार्यविधि २०८१ को परिच्छेद ३ र ४ नेपाल पत्रकार महासंघको कार्यालयबाट प्राप्त गर्न सकिनेछ।
३. दररेट पेश गर्दा स्वीकृत गर्ने सम्पूर्ण अधिकार नेपाल पत्रकार महासंघमा निहित रहने छ।
४. दररेट महासंघको कार्यालय राजविराज वा इमेल (fnjsaptari78@gmail.com) मार्फत पनि पेश गर्न सकिने छ।
५. दररेट स्वीकृत भएका व्यक्ति वा फर्मले कार्यविधि २०८१ को परिच्छेद ३ र ४ मा व्यवस्था भए बमोजिमको शर्तहरु पालना सहितको सम्झौता गरि अतिथि गृह बहालमा लिई सञ्चालन गर्न पाउने छन्।

***नोट : दररेट पेश गर्नेले नेपाल पत्रकार महासंघ सप्तरीको अतिथि गृह निरिक्षण गर्न सक्नेछन्।***

**नेपाल पत्रकार महासंघ शाखा सप्तरी**


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट** *: rajbirajdainik.com.np*